# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
## छैठौं वार्षिक साधारण सभाको निर्णय विवरण

१. वैधानिक सभाको काम कारबाही:

यस कम्पनीको मिति २०७९/१२/२८ मा सम्पन्न सञ्चालक समितिको ८७औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको प्रबन्ध पत्र, नियमावली बमोजिम बोलाईएको वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूको अध्यक्षतामा देहायको मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गरी सम्पन्न भयो । सभा सम्बन्धी विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

२. सभा भएको मिति, स्थान र समय:

मिति : २०८०/०१/२१ (तदनुसार ०४/०५/२०२३), बिहीबार
स्थान : कम्पनीको प्रधान कार्यालय, एल.एस. कम्प्लेक्स, थापाथली, काठमाण्डौ ।
समय : अपरान्ह ३:०० बजे

३. उपस्थिति:

क. सञ्चालकहरु:

१. श्री प्रदीपजङ्ग पाण्डे – अध्यक्ष
२. श्री सुमित कुमार अग्रवाल – सञ्चालक
३. श्री मनोज कार्की – सञ्चालक
४. श्री महेश स्वांर – सञ्चालक
५. श्री दावा फुटी शेर्पा – सञ्चालक
६. श्री अभिनव ज.ब.राणा – सञ्चालक
७. श्री श्रीमान कार्की – स्वतन्त्र सञ्चालक

ख. पदाधिकारीहरु:

१. श्री पोषक राज पौडेल – प्रमुख कार्यकारी अधिकृत
२. श्री दशरथमणी खड्का – प्रमुख सञ्चालन अधिकृत
३. श्री दिप बहादुर वि.सी. – कम्पनी सचिव एवम् नायव महाप्रबन्धक
४. श्री भुषण रिमाल – प्रमुख बजार व्यवस्थापन अधिकृत

ग. प्रतिनिधिहरु:

१. श्री मनमोहन राज काफ्ले – लेखापरीक्षक श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस्, का प्रतिनिधि
२. श्री सुनिर कुमार ढुङ्गेल – आन्तरिक लेखापरीक्षक श्री एस.ए.आर. एशोसियटस्, चार्टर्ड एकाउन्टेन्टस्, का प्रतिनिधि
३. श्री रामकृष्ण निराला – कानुनी सल्लाहकार

घ. उपस्थित शेयरधनीहरु:

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | १९५ | ६७ | ३४।३५ |
| शेयर संख्या | २,६२,५०,००० | १,७६,३३,७३० | ६७।१८ |

४. सूचना प्रकाशन:

कम्पनीको छैठौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल गरिने विषयहरु (प्रस्तावहरु) समेत खुलाई मिति २०७९/१२/३० मा कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र मिति २०८०/०१/१२ मा सोही पत्रिकामा दोश्रो पटक कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १८(३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि सूचना प्रकाशित गरिएको थियो । साथै सो सम्बन्धी सूचना तथा छैठौं वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै कम्पनीको वेवसाईटमा समेत उपलब्ध गराईएको थियो ।

५. छलफलका विषयहरु:

(क) सामान्य प्रस्ताव:

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने बारे ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७९/०८० को लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे । वर्तमान लेखापरीक्षक श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस्, पुन: नियुक्तीका लागि योग्य हुनुहुन्छ ।

(ख) विशेष प्रस्ताव:

१. कम्पनीले आर्थिक वर्ष २०७८/०७९ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कोरोना भाइरस (कोभिड १९) को रोकथाम तथा प्रभावितहरुको उपचारका लागि नेपाल सरकारबाट स्थापित Corona Relief and Prevention Fund मा कम्पनीका तर्फबाट गरिएको योगदान/आर्थिक सहायता वापतको रकम रु. ७,५०,०००/- (अक्षेरुपी सात लाख पचास हजार मात्र) कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) बमोजिम अनुमोदन गर्ने बारे ।

(ग) विविध ।

६. सभाको गणपूरक संख्या:

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | १९५ | ६७ | ३४।३५ |
| शेयर संख्या | २,६२,५०,००० | १,७६,३३,७३० | ६७।१८ |

७. सभाको वैधानिकता र अध्यक्षता:

साधारण सभाको कार्यवाही शुरु हुनु अघि कम्पनी सचिव श्री दिप बहादुर वि.सी. ले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिम प्रक्रिया

पुरा गरी सभा बोलाइएको र सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम आवश्यक गणपूरक संख्या पुरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्न हुँदै सञ्चालक समितिका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूलाई सभाको अध्यक्षता ग्रहणको लागि अनुरोध गर्दै तत्पश्चात अध्यक्षज्यूबाट सभा सञ्चालनको लागि अनुमति प्रदान गर्नुभयो ।

८. सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति:

कम्पनीको छैठौं वार्षिक साधारण सभा सञ्चालन गर्ने क्रममा सभाका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूले विषय सूची अनुसार सञ्चालक समितिको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा नगद प्रवाह विवरण एवम् सो संग सम्बन्धित अनुसूचीहरु संक्षिप्त रुपमा प्रस्तुत गर्दै कोरोना महामारीको प्रकोप उपलब्ध खोपबाट न्यूनीकरण भईरहदा देशमा डेंगुको प्रकोप अनि अन्तराष्ट्रिय स्तरमा शक्ति राष्ट्रहरु बिचको द्वन्दले नेपालको अर्थतन्त्र समेत प्रभावित हुन गई समग्रमा बेरोजगारी दर तथा मूल्य वृद्धि हुनु, आम जनताको क्रयशक्तिमा ह्रास आउनु, तरलतामा चाप तथा विदेशी मुद्राको सञ्चितिमा भएको न्यूनीकरणले आयातमा थप जटिलता भई समग्र आर्थिक क्षेत्रमा नै संकट उत्पन्न भएका बावजुद कम्पनीले अवलम्बन गरिआएको कुशल व्यवसायिक रणनीति, संस्थागत सुशासन, पारदर्शिता एवम् कम्पनीले प्रदान गरिरहेको गुणस्तरीय प्रविधियुक्त ग्राहकमुखी सेवाले कारोबार शुभारम्भ गरेको छोटो अवधिमा नै उत्साहजनक उपलब्धि हासिल गरेको व्यहोरा सभा समक्ष जानकारी गराउनु भयो ।

देशको आर्थिक, वित्तीय र मौद्रिक नीतिको सामञ्जस्यपूर्ण ढंगले कार्यान्वयन नहुँदा अर्थतन्त्रमा मन्दी, औद्योगिक उत्पादन तथा व्यवसायिक क्षेत्रमा ह्रास, लगानी जोखिम, वित्तीय क्षेत्रमा तरलता संकुचन तथा व्याजदरमा वृद्धि, बढ्दो व्यापार घाटा, न्यून पूंजीगत खर्च, राजस्व संकलनमा ह्रास, पूंजी बजारमा गिरावट तथा उच्च मुद्रास्फिती दर, देशलाई औद्योगिकरणतर्फ अग्रसर गराउने प्रमुख तत्वहरु पूंजी, श्रम र उद्यमशीलताका बिच संयोजन नहुनुले अर्थतन्त्र जटिल अवस्थामा रहनुका बावजुद कम्पनीले समीक्षा अवधिमा गत वर्षको तुलनामा बीमाशुल्क आम्दानी र लगानी तथा अन्य आम्दानीमा क्रमश: ५१% र ४१% को वृद्धि हासिल गर्न सफलता प्राप्त गर्नुका साथै सोही अवधिमा जीवन बीमाकोषमा ७१% को वृद्धि हासिल गरी रु. ६ अर्ब ३ करोड पुर्‍याउन सफल भएको सभालाई जानकारी गराउनु भयो । यसै गरी गत आर्थिक वर्षको तुलनामा समीक्षा अवधिमा लगानी तथा कर्जामा करिब ५१% ले वृद्धि हुन गई रु. ९ अर्ब ५ करोड पुग्न गएको, जीवन बीमा व्यवसायको दीर्घकालीन दायित्वलाई व्यवस्थापन गर्न दीर्घकालीन सम्पत्तिमा लगानी गर्न अपरिहार्य रहेकोले कम्पनीले दीर्घकालीन लगानीलाई विशेष प्राथमिकता दिएकाले समीक्षा अवधिमा अल्पकालीन लगानीमा करिब ३८% ले संकुचन हुन गएको, कुल लगानी रु. ८ अर्ब ६५ करोड मध्ये करिब ८९% अर्थात रु. ७ अर्ब ७१ करोड विभिन्न बैंक तथा वित्तीय संस्थाको दीर्घकालीन मुद्दती निक्षेप, ऋणपत्र एवम् शेयरमा लगानी गर्न कम्पनी सफल भएको जानकारी गराउनु भयो । साथै गत वर्ष कायम रहेको कम्पनीको व्यवस्थापन खर्च १८.३९% मा मितव्ययीता अपनाएका कारण समीक्षा अवधिमा सो खर्च अनुपात १४.५१% कायम गर्न कम्पनी सफल भएको र यस अवधिमा जीवन बीमा कोषबाट रु. ४ करोड ६६ लाख नाफा नोक्सान हिसाबमा सारिएकोले खुद मुनाफामा करिव ११% ले वृद्धि भएको व्यहोरा सभालाई जानकारी गराउनु भयो ।

नेपाल बीमा प्राधिकरणले बीमा कम्पनीहरुको जोखिम वहन गर्ने क्षमता बढाउन, पूंजीगत आधार वलियो बनाउन, बीमाको पहुंच विस्तार गर्न, कम्पनीहरु बीच स्वस्थ्य प्रतिस्पर्धाको वातावरण तयार गर्न एवम् जोखिममा आधारित पूंजीसंग सामञ्जस्यता हुने गरी कम्पनीको चुक्ता पूंजी रु ५ अर्ब कायम गर्न निर्देशन दिए अनुरुप कम्पनीको मिति २०७९/०४/०६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम संस्थापक शेयरधनीबाट तत्काल चुक्ता पूजीको ५० प्रतिशतले हुने रकम थप लगानी भई कम्पनीको चुक्ता पूंजी रु २ अर्ब ६२ करोड ५० लाख कायम हुन गएको र सर्वसाधारणका लागि व्यवस्था गरिएको ३० प्रतिशत साधारण शेयरलाई प्रिमियम मूल्यमा सार्वजनिक निष्काशन गर्न विवरण पत्र (Prospectus) नेपाल धितोपत्र बोर्डमा स्वीकृतिका लागि पेश गरिएको, सोही बमोजिम सर्वसाधारण शेयर सार्वजनिक निष्काशन पश्चात कम्पनीको चुक्ता पूंजी रु ३ अर्ब ७५ करोड पुग्ने र कम्पनीको

सञ्चित मुनाफा लगायतबाट बोनस शेयर जारी गरी तोकिएको चुक्ता पूंजी रु. ५ अर्ब कायम हुनेमा सञ्चालक समिति विश्वस्त रहेको धारणा सभा समक्ष व्यक्त गर्नु भयो ।

कम्पनीले आफ्नो व्यवसाय विस्तारसंगै एक असल संस्थागत नागरिकको रुपमा राष्ट्र तथा समाजप्रतिको उत्तरदायित्व निर्वाह गर्न आफ्नो स्थापनाकाल देखि नै विभिन्न संघ संस्थाहरुसंगको सहकार्यमा देशभर छरिएर रहेका आफ्ना शाखा तथा उपशाखा कार्यालयहरु मार्फत संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी विभिन्न क्रियाकलापहरुमा सहभागी हुदै आएकोमा बीमा साक्षरता बढाउन, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रवर्द्धन, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार, सामाजिक रुपले पिछडिएका वर्गको आय आर्जन क्षमता अभिवृद्धि लगायत स्वास्थ्य र शिक्षामा सरल पहुंच पुर्याउने उद्धेश्यले नियमनकारी निकायले प्रत्येक आर्थिक वर्षको खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुट्याउनु पर्ने व्यवस्था गरेकोले समीक्षा अवधिमा सो वापतको रकम रु ३,५६०,९५७/- (पैतीस लाख साठी हजार नौ सय सन्ताउन्न रुपैया) छुट्याईएको सभा समक्ष जानकारी गराउनु भयो ।

कम्पनीमा अवलम्बन गरिएको कुशल व्यवसायिक नीति, संस्थागत सुशासनको सफल कार्यन्वयन तथा कम्पनीमा कार्यरत व्यवस्थापनको कुशल कार्यदक्षताले नै उल्लेखित सफलता हासिल गर्न सफल भएको र जीवन बीमाको व्यवसायिक मूल्य एवम् मान्यता अन्तर्गत रही यस क्षेत्रमा विद्यमान प्रतिस्पर्धाका बावजुद नवीनतम बीमा योजना, ग्राहक केन्द्रित गुणस्तरीय सेवा, सूचना प्रविधिको उच्चतम प्रयोग, ग्रामीण स्तरसम्म कम्पनीको पहुंच जस्ता विविध कारणले यस कम्पनी सर्वसाधारण सेवाग्राही माझ आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल भएकोमा कम्पनीमा कार्यरत मानव संसाधनको वृत्ति विकास, जीवन बीमा व्यवसायका मेरुदण्ड बीमा अभिकर्ता "सिटिजन लिडर" को वृत्ति विकास एवम् संस्थागत सुशासन कायम गर्दै जीवन बीमाको क्षेत्रमा आफ्नो विशेष पहिचान कायम राखी मुलुकको आर्थिक उन्नतिमा कम्पनीको तर्फबाट योगदान दिदै भविष्यमा समेत जीवन बीमाका थप नवीनतम योजनाहरु प्रचलनमा ल्याई जीवन बीमाको पहुंच नेपाल राज्यभर पुर्याउन कम्पनीको सञ्चालक समिति सदैव जिम्मेवार भई पहल गर्ने प्रतिवद्धता समेत जाहेर गर्नुभयो ।

कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम तयार गरिएको आर्थिक वर्ष २०७८/०७९ को वित्तीय विवरणहरु, सञ्चालक समितिको प्रतिवेदन सहितका प्रस्तुत प्रस्तावहरु यस सभाबाट अनुमोदन हुने विश्वासका साथ सम्पूर्ण ग्राहकवर्ग, नेपाल बीमा प्राधिकरण, कम्पनी रजिष्ट्रारको कार्यालय तथा अन्य नियमकारी निकायहरु, सदभावना दुत (Brand Ambassador) महजोडी, शेयरधनी महानुभावहरु, सञ्चालकवर्ग, व्यवस्थापन समूह, कर्मचारी, सिटिजन लिडर, पत्रकार एवम् शुभ चिन्तकहरुले यस कम्पनीलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा पुर्याउनु भएको सहयोग प्रति कृतज्ञता व्यक्त गर्दै भविष्यमा समेत साथ सहयोगको अपेक्षा व्यक्त गर्नु भयो ।

कार्यसूची बमोजिमका प्रस्तावहरु उपर छलफल गरी सम्पूर्ण शेयरधनी महानुभावहरुबाट स्वीकृत हुने आशा व्यक्त गर्दै कम्पनीको सार्वजनिक शेयर निष्काशन सम्बन्धी प्रगति विवरणका साथै कम्पनीले हासिल गरेको उपलब्धी तथा भावी रणनीतिका सम्बन्धमा प्रकाश पार्न कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई निर्देशन प्रदान गर्नुभयो ।

९. प्रमुख कार्यकारी अधिकृतबाट कम्पनीको संक्षिप्त व्यवसायिक समीक्षाः

साधारण सभाका अध्यक्षज्यूको अनुमतिले कम्पनीका प्रमुख कार्यकारी अधिकृतबाट प्रिमियम मूल्यमा कम्पनीको प्राथमिक शेयर सार्वजनिक निष्काशन गर्न विवरणपत्र (Prospectus) तयार गरी स्वीकृतिको लागि श्री नेपाल धितोपत्र बोर्डमा पेश गरिएको जानकारी गराउदै विवरणपत्र स्वीकृति भई प्रिमियम मूल्यमा प्राथमिक शेयर सार्वजनिक निष्काशन पश्चात कम्पनीको पूंजी संरचना बमोजिमको चुक्ता पूंजी कायम हुने व्यहोरा सभालाई जानकारी गराउनु भयो । यसका साथै प्रमुख कार्यकारी अधिकृतले संक्षिप्त व्यवसायिक समीक्षा प्रस्तुत गर्दै कम्पनीले आर्जन गरेको बीमा शुल्क, लगानीबाट प्राप्त आय, कम्पनीको विज्ञापन तथा प्रचार प्रसार खर्च, व्यापार प्रवर्द्धन, अभिकर्ता अन्य खर्च, कर्मचारी खर्च, व्यवस्थापन खर्च लगायतका अन्य खर्च विवरणहरु प्रस्तुत गर्नु भयो । कम्पनीले हालसम्म हासिल गरेको व्यवसायिक

उपलब्धी, प्रस्तुत गरेका विभिन्न जीवन बीमा योजनाहरु, जीवन बीमा व्यवसायका अवसर तथा चुनौतीहरुका साथै कम्पनीको भावी रणनीति समेतको बारेमा सभालाई जानकारी गराउनु भयो ।

१०. छलफलको लागि आहवान:

साधारण सभाका अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवबाट आर्थिक वर्ष २०७८/०७९ को सञ्चालक समितिको छैठौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण तथा विविध पक्षहरु उपर आ-आफ्नो प्रश्न, जिज्ञासा, राय, प्रतिक्रिया, मन्तव्य एवम् सुझावका लागि शेयरधनी महानुभावहरुलाई आहवान गर्नुभएकोमा शेयरधनी श्री दिलिप श्रेष्ठ ज्यूबाट कम्पनीको सार्वजनिक शेयर निष्काशनका सम्बन्धमा जिज्ञासा राख्दै प्रिमियम मूल्य स्वीकृत भए नभएको सम्बन्धमा स्पष्ट पार्न आग्रह गर्नुभयो । त्यसै गरी अर्का संस्थापक शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड प्रतिनिधि श्री दिप प्रकाश पाण्डेज्यूले हालको परिस्थिति एवम् तरलता संकुचनको अवस्थामा कम्पनीले आफ्नो रणनैतिक योजनालाई के कसरी अघि बढाउने सोच बनाएको छ साथै प्रक्षेपित विवरणबाट आगामी दिनमा के कस्तो सहजता हुन सक्ने देखिन्छ सो सम्बन्धमा प्रकाश पारिदिन अनुरोध गर्नु भयो । त्यसैगरी अर्का शेयरधनी श्री खेम प्रसाद बरालज्यूले कम्पनीको सञ्चालक समिति तथा व्यवस्थापन समूहको व्यवसायिक दक्षता एवं कुशल नेतृत्वले कम्पनीको समग्र स्थितिलाई मजबुत बनाई प्रतिस्पर्धात्मक बजारमा अग्रणी स्थानमा पुऱ्याउन सफल हुनु भएकोमा बधाई दिदै आगामी दिनहरुमा अझै प्रगति हुदै जाने विश्वास व्यक्त गर्नु भयो । कम्पनीको तथ्याङ्कमा देखिएको अभिकर्ता संख्याको तुलनामा बीमालेख बिक्रीको अनुपात कम देखिएकोले के कति कारणबाट यस्तो हुन गएको हो सो विषयमा प्रष्ट पारिदिन अनुरोध गर्नुभयो ।

११. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएका राय, जिज्ञासा, तथा सुझावहरु उपर सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष एवम् सभाध्यक्षज्यूले दिनु भएको प्रतिक्रिया तथा नीतिगत जवाफ:

सभाध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट साधारण सभामा व्यक्त विचारहरु, सुझाव तथा सल्लाहलाई मनन गरी उहांहरुले राख्नु भएको जिज्ञासाहरुलाई स्पष्ट पार्न प्रमुख कार्यकारी अधिकृतलाई निर्देशन भए बमोजिम प्रमुख कार्यकारी अधिकृतबाट कम्पनीले प्रिमियम मूल्यमा प्राथमिक शेयर सार्वजनिक निष्काशन गर्न नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणबाट आवश्यक स्वीकृति प्राप्त गरे पश्चात विवरणपत्र तयार गरी नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको लागि पेश गरिएको जानकारी गराउनु भयो । त्यसैगरी हालको तरलता संकुचनको अवस्थामा प्रतिस्पर्धात्मक बजारमा व्यवसायिक उपलब्धि हासिल गर्न चुनौती रहेको भएता पनि प्रतिस्पर्धि कम्पनीहरुको तुलनामा अग्रणी पंक्तीमा रहेर आफ्नो व्यवसायलाई अघि बढाइरहेको जानकारी गराउनु भयो । यसका साथै कम्पनीको तथ्याङ्कमा देखिएका अभिकर्ताको संख्या हाल सम्म नेपाल बीमा प्राधिकरणबाट इजाजत पत्र लिएका अभिकर्ताको संख्या भएको, २०७९ चैत्र मसान्तमा इजाजत पत्र नवीकरणका लागि कुल १६,७४३ अभिकर्ता योग्य रहेकोमा १३,५६४ अभिकर्ताहरुको इजाजत पत्र नवीकरण भएको र सो संख्या अन्य कम्पनीको तुलनामा उच्च रहेको व्यहोरा सभालाई जानकारी गराउनु भयो ।

१२. निर्णयहरु:

साधारण सभामा पेश भएका प्रस्तावहरु उपर विस्तृत रुपमा छलफल भई देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

(क) सामान्य प्रस्तावहरु:

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा:

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा:

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण सर्वसम्मतिद्वारा स्वीकृत गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७९/०८० को लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा:

कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण गर्न मूल्य अभिवृद्धि कर वाहेक रु. ३,३०,०००/- (अक्षरुपी तीन लाख तीस हजार रुपैयां मात्र) पारिश्रमिक भुक्तानी गर्ने गरी श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्ट्सलाई कम्पनीको लेखापरीक्षकमा नियुक्ती गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

(ख) विशेष प्रस्ताव:

१. कम्पनीले आर्थिक वर्ष २०७८/०७९ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कोरोना भाइरस (कोभिड १९) को रोकथाम तथा प्रभावितहरुको उपचारका लागि नेपाल सरकारबाट स्थापित Corona Relief and Prevention Fund मा कम्पनीका तर्फबाट गरिएको योगदान/ आर्थिक सहायता वापतको रकम रु. ७,५०,०००/- (अक्षेरुपी सात लाख पचास हजार मात्र) कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) बमोजिम अनुमोदन गर्ने सम्बन्धमा:

कम्पनीले आर्थिक वर्ष २०७८/०७९ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कोरोना भाइरस (कोभिड १९) को रोकथाम तथा प्रभावितहरुको उपचारका लागि नेपाल सरकारबाट स्थापित Corona Relief and Prevention Fund मा जीवन बीमक संघ नेपाल मार्फत कम्पनीका तर्फबाट गरिएको योगदान/ आर्थिक सहायता वापतको रकम रु. ७,५०,०००/- (अक्षेरुपी सात लाख पचास हजार मात्र) लाई अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

(ग) विविध: विविध विषयहरु नभएको सभालाई जानकारी गराइयो ।

१३. धन्यवाद ज्ञापन:

सभाध्यक्षज्यूबाट शेयरधनी महानुभावहरु छैठौं वार्षिक साधारण सभामा उपस्थित हुनु भई आ-आफना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा विभिन्न निकायका आमन्त्रित प्रतिनिधिहरु समेत उपस्थित महिला तथा सज्जनवृन्द सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस वार्षिक साधारण सभामा छलफल गरी पारित गर्नुपर्ने अन्य कुनै विषय बाँकी नभएकोले सभाध्यक्षज्यूले अपरान्ह ४:१५ बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. काठमाडौं

(दिप बहादुर वि.सी.)
कम्पनी सचिव

(प्रदीपजङ्ग पाण्डे)
अध्यक्ष